गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichok, Gorkha
गण्डकी प्रदेश, नेपाल(Gandaki Province,Nepal)


प.सं:(DispatchNo.) ०७६/०७७
च नं.(Ref.No) २२१

मिति(Date) : २०७६/०६/२९

**श्री १-८ वडा कार्यालयहरु,**
**गण्डकी गा.पा. गोरखा ।**

**विषयः न्यूनतम रोजगारीमा संलग्न हुन फारम भरेका बरोजगार व्यक्तिहरुलाई अपुग कागजात पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !**

रोजगारीको हक सम्बन्धि ऐन, २०७४ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ अनुसार बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भई न्यूनतम रोजगारमा संलग्न हुन इच्छुक व्यक्तिहरुको लगत संकलन गर्ने कार्य गत आ.व.२०७५/०७६ को चैत्र र बैशाखमा भएको सबैलाई अवगत नै छ।

न्यूनतम रोजगारीमा खटाउन र मापदण्ड पुगेकालाई निर्वाह भत्ता वितरण गर्ने प्रयोजनको लागि रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता (Entry) गर्नुपर्ने भएको तर फारममा उल्लेखत सम्पूर्ण विवरण नभएमा Software ले Accept नगर्ने भएकोले यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा प्राप्त फारमहरुमा धेरै निवेदकहरुले आवश्यक विवरण नभरेको पाइएकोले मिति २०७६ कार्त्तिक २० गतेभित्र तपसिल बमोजिमका अपुग विवरण सहित आवश्यक कागजात तोकिएको ढाँचामा भरी आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरि विवरण भर्नु हुन सबै बेरोजगारको फारम भर्नुहुने व्यक्तिहरुलाई अनुरोध छ। यदि आवश्यक विवरण नभरेको खण्डमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा दर्ता नहुने र सो को जिम्मेवार स्वयं आवेदकनै हुनुपर्ने व्यहोरा समेत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

- पारिवारिक विवरणः परिवारका सम्पूर्ण सदस्यहरुको नाम, निवेदकसंगको नाता, जन्म मिति, नागरिकता/जन्मदर्ता नं., जारी मिति तथा जारी गर्ने निकाय
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप/दक्षता र रोजगारीको अवस्था,
- निवेदकको १ प्रति फोटो तथा नागरिकताको फोटोकपी
- स्थायी वसोवास खुल्ने आवश्यक कागजातको फोटोकपीः नागरिकता/ बसाइसराइ/विवाहदर्ता/मतदाता परिचयपत्र
- कुल वार्षिक पारिवारिक आम्दानी, परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) पाए/नपाएको
- रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) को अवस्था अनिवार्य रुपमा भर्नुपर्ने
- शहिद तथा बेपत्ता परिवार भए सो को प्रमाण पुग्ने कागजातको फोटोकपी
- परिवारमा अपांगता भएका सदस्य भए सो को प्रमाण पुग्ने कागजातको फोटोकपी
- निवेदकको मोबाइल नं. तथा काम सम्बन्धि अनुभव भए सो को कागजातको फोटोकपी

२०७६/०६/२९
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः यो सूचना website मा upload गरिदिनु हुन।

# गण्डकी गाउँपालिका

... नं. वडा कार्यालय, ............................., गोरखा

## बेरोजगारी दर्ता अद्यावधिक फारम

मूल दर्ता नं

नाम (नागरिकताको आधारमा) नेपालीमा: अंग्रेजीमा :

स्थायी ठेगाना: वडा नं. गाउँ: टोल:

मोवाइल नं. :

परिवारमा अपाङग सदस्य : छ ☐ छैन ☐ सहिद तथा वेपत्ता परिवार : हो ☐ होइन ☐

पारिवारिक विवरण

| क्र.स. | नाम | निवेदकसंगको नाता | नागरिकता/रा.प.प./जन्मदर्ता सम्बन्धी विवरण | | | जन्म मिति | शैक्षिक योग्यता | रोजगारीको अवस्था | सरकारी कोषबाट सहायता लिएको /नलिएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ना.प्र.न./रा.प.प. नं/ज.द. नं | जारी मिति | जारी गर्ने जिल्ला/निकाय | | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |

**माथि उल्लेखित विवरणहरु सहि हुन् । गलत ठहरिएमा नियमानुसार सहुला बुझुला ।**

_______________

सहि